मिति २०८३।०४।१० ने.सं. ११४६ दिल्लाथ्व १२ बैठक संख्या १

आज मिति २०८३/०४/१० गते आइतबारका दिन यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय, पञ्चमी पाँचथरका अध्यक्ष श्री समर बहादुर अधिकारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा आ.व २०८३/०८४ को प्रथम गाउँ कार्यपालिका बैठकद्वारा तल उल्लेखित प्रस्तावहरू माथि छलफल गरी देहायनुसारका निर्णयहरू पारित गरियो।

उपस्थिति :

१. अध्यक्ष : श्री समर बहादुर अधिकारी........................

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेडाई ........................

३. का.वा वडाअध्यक्ष : श्री खड्ग बहादुर राई........................

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या ........................

५. वडा अध्यक्ष : श्री बिरेन्द्र कुमार योङहाङ........................

६. वडा अध्यक्ष : श्री धनपति गिरी........................

७. वडा अध्यक्ष : श्री बिर्ख बहादुर सुहाङ........................

८. वडा अध्यक्ष : श्री गणेश प्रसाद योङहाङ ........................

९. वडा अध्यक्ष : श्री धनकुमार लिम्बु........................

१०.कार्यपालिका सदस्य श्री सुष्मा लावती ........................

११. कार्यपालिका सदस्य श्री बिष्णु कुमारी भट्टराई........................

१२. कार्यपालिका सदस्य श्री बिरेन्द्र मंग्राती........................

१३. कार्यपालिका सदस्य श्री पुण्यप्रसाद राई........................

१४. कार्यपालिका सदस्य श्री निम्की भोटेनी भोटिया ........................

१५. कार्यपालिका सदस्य श्री गंगामाया विश्वकर्मा........................

१६. **सदस्य-सचिव** श्री टोपेन्द्र कुमार लिम्बु ........................

१७. इन्जीनियर श्री भुपेन्द्र बोहरा........................

१८. कार्यालय सहयोगी श्री विवेका योङहाङ........................

१९.कार्यालय सहयोगी श्री बजिन्द्र कुमार पुरी........................



टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

<u>प्रस्तावहरु:-</u>

१. हालसम्म प्राप्त विभिन्न परिपत्र, निर्देशन, आदेश तथा मागपत्रहरुको जानकारी सम्बन्धमा।
२. स्थानीय दररेट निर्धारण सम्बन्धमा।
३. अध्यायन विदा सम्बन्धमा।
४. अमरपुर मा.वि. जग्गा नि:शुल्क जग्गा पास सहमति सम्बन्धमा।
५. भु-उपयोग बर्गिकरण सम्बन्धमा।
६. जोरपोखरी आर्मी क्याम्पले उपयोग गरेको जग्गा सहमति।
७. लघु उद्यम विकास कार्यक्रम (मेड्पा) सञ्चालनका लागि वडा छनौट सम्बन्धमा।
८. सल्लेरी सुभाङ पञ्चमी अमपुर बाटो सरसफाई सम्बन्धमा।

**निर्णय नं. - १**

संघ, प्रदेश तथा जिल्लाका विभिन्न मन्त्रालय, विभाग तथा अन्य कार्यालयहरुबाट यस कार्यालयलाई हाल सम्म प्राप्त भएका निर्देशन, परिपत्र तथा माग पत्रहरु यस कार्यापालिका बैठकमा प्रमुख प्रशासकीय अधिकृतद्धारा वाचन गरी अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्ष तथा कार्यपालिका सदस्यहरुलाई जानकारी गराईयो। उक्त विविध जानकारी, परिपत्र तथा निर्देशनहरु यसै कार्यपालिका बैठकको माध्यमबाट सम्बन्धित सरोकारवालाहरु सम्म पुर्याईने तथा आवश्यक कार्यान्वयन गर्ने/गराउने निर्णय समेत गरियो।

तपसिलः

| क्र.सं. | च.नं. | मिति | पत्राचार गर्ने निकाय | विषय | निर्णयको ब्यहोरा |
|---|---|---|---|---|---|
| १. | २ | २०८३-०४-०४ | श्री भूमि व्यवस्था, सहकारी तथा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (सुशासन प्रवर्द्धन शाखा) | सुचनाको हक कार्यान्वयन सम्बन्धी प्रगति विवरण सम्बन्धमा। | सुचनाको हक कार्यान्वयनको लागि स्वत: प्रकाशन सम्बन्धि कार्य तोकिएको मिति भित्र गर्ने। |

**निर्णय नं. - २**

आर्थिक वर्ष २०८३।०८४ का लागि यस हिलिहाङ गाउँपालिका क्षेत्रभित्र चालिने विकास निर्माण कार्यहरु, योजना तथा आयोजनाहरुको लागत अनुमान तयार गर्नु, सार्वजनिक खरिदलाई व्यवस्थित गर्न र ज्यालादर तथा निर्माण सामाग्रीहरुको मुल्य समायोजन गर्नका लागि गाउँपालिकाको प्राविधिक टोलीद्धारा तयार गरि पेस गरिएको स्थानीय दररेटको प्रस्तावउपर आजको बैठकमा विस्तृत छलफल तथा समिक्षा गरियो। छलफलबाट, बजार मूल्यको स्थितिलाई दृष्टिगत गर्दै सार्वजनिक खरिद ऐन, नियमावली तथा स्थानीय तहको आर्थिक ऐनको परिधिभित्र रहि तयार पारिएको उक्त स्थानीय दररेट उपयुक्त र व्यवहारिक देखिएको हुँदा हिलिहाङ गाउँपालिकाको क्षेत्रभित्र मिति २०८३ श्रावन १ गते देखि लागु हुने गरि आर्थिक वर्ष २०८३।०८४ को स्थानीय ज्यालादर तथा निर्माण सामाग्रीको दररेट अनुसुचीमा उल्लेख भए बमोजिम स्वीकृत गर्ने। साथै यस दररेटलाई गाउँपालिकाको आधिकारिक वेबसाईटमा प्रकाशन गर्ने र सम्बन्धित सबै शाखा तथा कार्यालयहरुमा कार्यान्वयनको लागि व्यवस्था मिलाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

**निर्णय नं. - ३**

कोशी प्रदेश स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १२० तथा यसै ऐन अन्तरगत बनेको नियमहरुमा स्थानीय सेवाको कर्मचारीलाई अध्ययन विदा दिन सकिने व्यवस्था भए बमोजिम यस हिलिहाङ गाउँपालिका अन्तरगत पुर्वाधार विकास शाखामा सहायक स्तर चौथो, स्थानीय इन्जिनियरिङ सेवा, सिभिल समुहमा मिति २०७८।०९।२२ गते देखि कार्यरत देविका राईले आफ्नै सेवा समुह सँग सम्बन्धित **Masters in Structural Engineering, Civil Department** मा भारतको कुरुक्षेत्र विश्वविद्यालयमा अध्ययन पुरा गर्न चाहेकोले ऐन तथा कार्यालयले तोकेको शर्तनामा राजीहुने प्रतिवद्धता तथा विश्वविद्यालयमा निरन्तर अध्ययन गरिरहेको पत्र सहित मिति २०८३।०४।१० गते देखि मिति २०८४।०४।१० गते सम्म १ वर्षको लागि पेश गर्नु भएको निवेदन र सो साथ संलग्न कागजातहरु उपर छलफल तथा विचार गरियो। विचार गर्दा, सम्बन्धित कर्मचारीले प्राप्त गर्न खोजेको उच्च शिक्षा/अध्ययन यस कार्यालयको सेवा प्रवाह र पदीय जिम्मेवारीसँग प्रत्यक्ष रुपमा सान्दर्भिक देखिएकोले तथा निजले सेवाको न्युनतम सर्तहरु पुरा गरेको र अध्ययन पश्चात सो ज्ञान यसै कार्यालयको हितमा उपयोग गर्ने प्रतिवद्धता गरेको

हुँदा, कोशी प्रदेश स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को प्रावधान बमोजिम निजलाई कार्यालयको आवश्यकतालाई समेत ध्यानमा राखि मिति २०८३।०५।०१ गते देखि लागु गरि कुल १ वर्षको अध्ययन विदा (तलबी प्रचलित नियमअनुसार) निम्नलिखित शर्तहरुको अधिनमा रहने गरी स्वीकृत गर्ने निर्णय गरियो।

शर्तहरु:

१. अध्ययन बिदा समाप्त भएपछि कर्मचारीले अनिवार्य रुपमा यसै कार्यालयमा हाजिर भई सेवा गर्नुपर्नेछ र तोकिएको करारनामा पालना गर्नु पर्नेछ।
२. अध्ययनको प्रगति विवरण प्रत्येक वर्ष/सत्रमा यस कार्यालयमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।
३. विदाको अवधिभर प्रचलित कानून तथा ऐनले निषेध गरेका कार्यहरु गर्न पाइने छैन।

**निर्णय नं. - ४**

हिलिहाङ गाउँपालिका वडा नं.१ स्थित अमरपुर मा.वि.लाई आवश्यक जग्गा निःशुल्क प्राप्ति हुनेहुदाँ विद्यालयबाट जग्गा छनौट गरी आवश्यक प्रक्रियाका लागि गाँउपालिकालाई सहमति सिफारिस माग गरेको हुदाँ हिलिहाङ गाउँपालिका वडा नं. १ बस्ने श्री लक्ष्मी प्रसाद लिम्बुले आफ्नो नाममा दर्ता कायम रहेको हिलिहाङ गाउँपालिका वडा नं.१ साविक दोरुम्बा ३।ख कित्ता नं. २५ क्षेत्रफल रो.८-०-०-० र जग्गा दाता श्री राम कुमारी नेपालीको नाममा रहेको दोरुम्बा ३।ख कित्ता नं.२६ क्षेत्रफल रो.८-१५-१-३ जग्गा स्वेच्छिक रूपमा निःशुल्क जग्गादान गर्ने मञ्जुरिनामा सहित निवेदन पेश गर्नु भएकोले उक्त जग्गा प्राप्तिको लागि आवश्यक प्रकृया अघि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. - ५**

हिलिहाङ गाँउपालिका गाँउ कार्यपालिकाको मिति २०८२।१२।१० गतेको कार्यपालिका निर्णय संसोधन गरी कित्तागत भू-उपयोग वर्गीकरण हाल यस आ.व.२०८३।८४ मा राजपत्र प्रकाशन नगरी आगामी दिनमा आवश्यकता अनुसार संसोधन समेत गरी प्रमाणिकरण वर्गीकरण विवरण सम्बन्धित निकायमा पठाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

**निर्णय नं. – ६**


हिलिहाङ गाँउपालिका वडा नं. ६ जोरपोखरी स्थित नेपाली सेनाको श्री विरदल गणले लामो समय देखि सुरक्षात्मक, अभ्यास प्रयोजन तथा कार्यालय प्रयोजनका लागि भोगचल गर्दै आएको जग्गा सरोकारवाला नागरिक तथा जनप्रतिनिधिरुको उपस्थितिमा नापि कार्यालय, नेपाली सेना तथा हिलिहाङ गाउँपालिकाका अमिनहरुले संयुक्त नक्शाङ्कन गरी प्रस्तावित् नक्शा समेत पेस गरेको हुदाँ उक्त नक्शामा सेनाको नाममा जग्गा प्राप्ति तथा स्वामित्व हस्तान्तरणको लागि जग्गा पासको प्रस्तावित नक्शामा रहेको कित्ता नं. २ र ४ सार्वजनिक बाटो र १,३,५ नेपालि सेनाको नाम कायम हुने गरी लागि सहमति प्रदान गर्ने।

| S.N | X | Y | S.N | X | Y |
|---|---|---|---|---|---|
| 1 | 580719 | 3010040 | 22 | 580966 | 3009560 |

| | | | | | |
|---|---|---|---|---|---|
| 2 | 580726 | 3010030 | 23 | 580977 | 3009510 |
| 3 | 580717 | 3010020 | 24 | 580965 | 3009460 |
| 4 | 580714 | 3010010 | 25 | 580908 | 3009380 |
| 5 | 580717 | 3010000 | 26 | 580841 | 3009510 |
| 6 | 580728 | 3009980 | 27 | 580748 | 3009510 |
| 7 | 580736 | 3009950 | 28 | 580736 | 3009490 |
| 8 | 580744 | 3009920 | 29 | 580700 | 3009500 |
| 9 | 580767 | 3009930 | 30 | 580625 | 3009580 |
| 10 | 580797 | 3009860 | 31 | 580589 | 3009570 |
| 11 | 580800 | 3009840 | 32 | 580522 | 3009570 |
| 12 | 580805 | 3009820 | 33 | 580473 | 3009610 |
| 13 | 580841 | 3009820 | 34 | 580506 | 3009660 |
| 14 | 580879 | 3009860 | 35 | 580553 | 3009710 |
| 15 | 580897 | 3009930 | 36 | 580575 | 3009740 |
| 16 | 580918 | 3009940 | 37 | 580619 | 3009790 |
| 17 | 580935 | 3009950 | 38 | 580631 | 3009860 |
| 18 | 581053 | 3009890 | 39 | 580630 | 3009900 |
| 19 | 581072 | 3009740 | 40 | 580636 | 3009930 |
| 20 | 580944 | 3009640 | 41 | 580664 | 3009960 |
| 21 | 580911 | 3009610 | 42 | 580710 | 3010040 |

टोपेन्द्र ... लिम्बु
प्रमुख प्रशासकीय अधिकृत


नेपाल आर्मी बेस क्याम्प जोरपोखरी प्रस्तावित नक्शा



नेपाल आर्मी बेस क्याम्प ,जोरपोखरी प्रस्तावित नक्शा

N

1:4,000



टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

## निर्णय नं. – ७

गरिबीनिवारणका लगी लघु उद्यम विकास कार्यक्रम (मेडपा) सञ्चालन निर्देशिका, २०७७ बमोजिम चालु आ.व २०८३/०८४ मा सञ्चालन गर्नुपर्ने मेडपा कार्यक्रम यस हिलिहाङ गाउँपालिकामा रहेका वडाहरुको गरिबीको अवस्था लक्षित वर्गहरुको पँहुच, उद्यम विकासको संभावना, भौगोलिक सन्तुलन तथा कार्याक्रमको प्रभावकारिताको आधार मानी वडा नं. २ र ३ मा मेडपा कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।

## निर्णय नं. – ८

अविरल बर्षाको कारण हिलिहाङ गाउँपालिका अन्तरगतको सल्लेरी-सुभाङ-पञ्चमी-अमरपुर सडक खण्ड अबरुद्ध हुन गई जनजीवन प्रभावित भएकोले उक्त सडक तत्काल सुचारु गर्न सरसफाई गर्नुपर्ने देखिएको छ। यस कार्यको लागि गाउँपालिकाको आफ्नै जेसिवि प्रयोग गरि प्रावधिक लागत अनुमानका आधारमा सडक सरसफाई तथा पहिरो पन्छाउने काम गर्ने र सोमा प्रयोग हुने डिजेलको बिल भुक्तानी सम्बन्धित पेट्रोल पम्पलाई नै विपद् व्यवस्थापन कोषबाट दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने। साथै पालिका कार्यालयबाट अमपुर बजार सम्मको मोटरबाटो पनि सोही प्रकृयाबाट सम्पन्न गर्ने।

दीपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत